स्थानीय सरकार
शिवपुरी गाउँपालिका
शेरावगर, नुवाकोट
बागमती प्रदेश, नेपाल

# आर्थिक बर्ष २०८३/०८४ को शिवपुरी गाउँपालिकाको बजेट कार्यान्वयन मार्गदर्शन

**श्री विषयगत शाखा सबै,**
**श्री वडा कार्यालय सबै,**
**श्री स्वास्थ्य चौकी, स्वास्थ्य इकाई, आधारभूत अस्पताल, सामुदायिक विद्यालय लगायत सम्बन्धित सबै जिम्मेवार निकाय तथा सरोकारवाला,**
**शिवपुरी गाउँपालका,नुवाकोट।**

यस शिवपुरी गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट गाउँसभाबाट स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ। आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनुहुन अनुरोध गर्दछु।

१. स्वीकृत नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्दा सार्बजनिक खरिद ऐन २०६३, तथा सो को नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा सो को नियमावली २०७७ र यस गाउँपालिका द्वारा स्वीकृत भई जारी भएका ऐन,नियमावली,कार्यविधि,निर्देशिका तथा मापदण्डको पूर्ण पालना गर्ने।
२. स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम बमोजिमका योजना तथा कार्यक्रम संचालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम अधिकार प्राप्त अधीकारीको कार्यदेश लिएर मात्र कार्य अगाढी बढाउने। कार्यदेश नलिई अगाडि बढाइएका योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्न कार्यालय बाध्य नहुने र सो को जिम्मेवारी सम्बन्धित व्यक्ति नै रहने।
३. गाउँ सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना तथा खरिद योजनाको पूर्ण पालना गर्ने।
४. वडा कार्यालय तथा शाखाबाट चालु प्रकृतिका योजना तथा कार्यक्रम सञ्चालन पूर्व गाउँकार्यपालिका कार्यालयबाट प्रस्ताव स्वीकृत गराई कार्यदेश लिएर मात्र कार्यक्रमको

थप प्रकृया अगाडी बढाउने। यस्ता चालु प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका तथा गाउँकार्यपालिकाले स्वीकृत गरेको चालु खर्च मापदण्डको पूर्ण पालना गर्ने।

५. उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुको कार्यान्वयन गर्दा भारी उपकरण(Heavy Equipment) वा मेशिनको प्रयोग गर्ने कामलाई निरुत्साहन गर्ने भनि हरेक बर्ष महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षणमा औल्यएको हुँदा सो को प्रयोग नगर्ने नगराउने र यदि गर्नै पर्ने भएमा सम्बन्धित वडा प्राविधिकको सिफारिसमा मात्र गर्ने।

६. बिशिष्टिकृत जनशक्ति वा दक्षता आवश्यक पर्ने, जटिल प्रकृतिको संरचना निर्माण, खरिद एवं मर्मत लगायतका योजना तथा कार्यक्रमको कार्यान्वयन उपभोक्ता समिति मार्फत नगर्ने/नगराउने।

७. एकै प्रकृतिका निर्माण वा खरिद सम्बन्धी कार्यहरु गर्दा एकिकृत गरी सार्वजनिक खरिदको उपयुक्त विधि प्रयोग गरी गर्ने।

८. स्वीकृत योजना तथा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार,प्रदेश सरकार तथा यस गाउँपालिका बाट स्वीकृत नर्म्स र दररेट को प्रयोग गरि तयार गरिएको लागत अनुमान सम्बन्धित अधिकारीबाट अनिवार्य स्वीकृति गराउने। तर कुनै योजना कार्यक्रमको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स वा दररेट नभएको खण्डमा कार्यालयलाई जानकारी गराउने र सो सम्बन्धमा कार्यालयबाट प्रयोग गर्न भनिएको नर्म्स तथा दररेट लाई आधार मानि लागत अनुमान तयार गरि स्वीकृत गराउने।

९. सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम एवं यस गाउँपालिका बाट प्रक्षेपित आन्तरिक राजश्वको अनुमानमा गहिरो चाप पर्न सक्ने हुँदा चालू प्रकृतिका योजना तथा कार्यक्रममा पूर्ण मितब्यिता कायम गर्ने, विनियोजित रकमलाई भन्दा प्राथामिकता प्राप्त योजना तथा कार्यक्रमलाई मितव्ययिता,औचित्यता र प्रभावकारिताको आधारमा गाउँकार्यपालिका कार्यालयको पूर्व स्वीकृति लिई सञ्चालन गर्ने। आन्तरिक आयबाट संचालन गर्नुपर्ने योजनाहरु श्रोतको सुनिश्चिततालाई समेत ख्याल गरी कार्यान्वयनमा लानुपर्ने देखिएकाले गाउँकार्यपालिका तथा कार्यालयको आवश्यक निर्देशन तथा निर्णय पश्चात मात्र कार्यान्वयन गर्ने/गराउने।

१०. सार्वजनिक खरिद नियमावली २०६४(सोह्रौ संशोधन) को नियम ९७ मा उपभोक्ता समिति मार्फत संचालन हुने विकास निर्माणका कार्यहरुका लागि प्रचलित कानून बमोजिम दर्ता

भएका उपभोक्ता समिति बाट कार्यान्वयन गराउने भन्ने व्यवस्था भएकोले उपभोक्ता समिति अनिवार्य रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गराएर मात्र सम्झौताको प्रक्रिया अगाडि बढ्ने हुँदा गाउँ कार्यपालिका कार्यालयले पठाएको उपभोक्ता समिति दर्ताको बिधान सहित आवश्यक कागजात पुरा गरी गाउँ कार्यपालिकाको कार्यालयमा दर्ताको लागि पठाउने र सो सम्बन्धमा सम्बन्धित वडा कार्यालयले सहजिकरण गर्ने।

११. गाउँसभाबाट स्वीकृत बजेटमा विविध, मर्मत सम्भार लगायतका शिर्षक प्रष्ट संग नखुलेका योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित वडा कार्यालय तथा विषयगत शाखाले गाउँकार्यपालिका कार्यालयमा त्यस्ता शिर्षकबाट सञ्चालनन गरिने योजना तथा कार्यक्रम सम्बन्धमा आवश्यक निर्णयको लागि पेश गर्ने र सो सम्बन्धमा गाउँकार्यपालिका तथा कार्यालयको निर्णय तथा कायदिश पश्चात मात्र त्यसको कार्यान्वयन गर्ने/गराउने।

१२. गाउँसभाबाट स्वीकृत बजेटको कुनै शिर्षकबाट अन्य कुनै शिर्षकमा बजेट रकमान्तर गरी कार्यान्वयन गर्नु पर्ने भएमा सम्बन्धित वडा कार्यालय/विषयगत शाखाले लेखि पठाउने र त्यस सम्बन्धमा आगामी गाउँसभाको हिँउदे अधिवेशनबाट स्वीकृत भएपश्चात मात्र त्यसरी रकमान्तर भएका योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

१३. गाउँकार्यपालिकाबाट विनियोजित बजेट शिर्षकबाट कार्यान्वयन गरिने कुनै पनि योजना तथा कार्यक्रम अन्तर्गत भवन लगायत निर्माण प्रकृतिका संरचना निर्माण गर्नुपर्ने भएमा जग्गाको विषय एकिन गरी अनिवार्य रुपमा सम्बन्धित संस्था, समूह वा कार्यालयको नाममा जग्गा प्राप्ति भए पश्चात मात्र त्यस्ता योजनाको सम्झौता गरी कार्यान्वयन गर्ने गराउने।

१४. स्वीकृत योजना तथा कार्यक्रमको सम्झौता बमोजिम कार्य सम्पन्न भए पश्चात उपभोक्ता समिति बाट गाउँपालिकामा भुक्तानीको लागि फाइल पेश भएपछी गाउँकार्यपालिकाको कार्यालयबाट ३ दिने दावी विरोधको सूचना प्रकाशन गरी कार्यालयलाई प्राप्त हुने दाबी विरोधको सम्वोधन पछि मात्र भुक्तानी प्रकृया अगाडी बढाउने।

१५. वडाबाट योजनाको कार्य सम्पन्न सिफारिस गर्नुपूर्व निम्न बमोजिमको विषयबस्तु सहितको चेकलिष्ट अनिवार्य रुपमा रुजु गरेर मात्र भूक्तानीका लागि सिफारिस गरी पठाउने।

**चेकलिष्ट**

- उपभोक्ता समित गठन सम्बन्धी आमभेला बारे सार्वजनिक सूचना।
- उपभोक्ता समिति गठन र गाउँपालिकामा दर्ता।
- प्राविधिक लागत अनुमान, डिजाइन र ड्रइङ।

- योजना सम्झौता र कार्यदिश।
- योजना कार्यान्वयनको नियमित निरीक्षण तथा अनुगमन।
- उपभोक्ता समितिको बिल, भरपाई, डोर हाजिरी र सो सम्बन्धी सम्पूर्ण कागजात।
- अन्तिम प्राविधिक मूल्याङ्कन बिल, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन।
- योजना कार्यान्वयन गर्दा कार्यान्वयन पूर्वको, कार्यान्वयन चरणको र कार्य सम्पन्न पश्चातको कामको विवरण प्रष्ट संग खुल्ने गरि खिचिएको २/२ प्रति तस्वीर।
- रु ३ लाख भन्दा कम बजेट भएका योजनाहरुको वडा अनुगमन समितिबाट अनुगमन भएको प्रतिवेदन र रु. ३ लाख भन्दा बढी बजेट भएको योजनाको हकमा वडा अनुगमन समितिको साथै गाउँपालिकास्तरीय अनुगमन समितिको प्रतिवेदन।
- रु. ३ लाख भन्दा बढी बजेट विनियोजित भएका योजनाको आयोजना सूचना पाटिको तस्विर।

१६. चालु प्रशासनिक खर्चबाट कार्यालयको दैनिक प्रशासनका लागि आवश्यक खर्च भएर जाने जिन्सी मालसामानको खरिद गर्दा प्रचलित बजार भाउ एवं गाउँकार्यपालिकाको कार्यालयले प्रयोग गरेको दरभन्दा माथि नहुने गरी गर्ने तथा त्यस्ता सामानहरुको अनिवार्यरुपमा PUBLIC ASSET MANAGEMENT SYSTEM (PAMS)मा दाखिला गरेर मात्र भूक्तानीका लागि पेश गर्ने। साथै खर्च भएर नजाने पुँजीगत प्रकृतिका जिन्सी मालसामानको हकमा कार्यालयको कार्यादिश लिएर मात्र खरिद प्रकृया अगाडी बढाउने।

१७. चालु प्रशासनिक खर्च, उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना तथा चालु प्रकृतिका अन्य कार्यक्रमहरूमा पेश्की रकम उपलब्ध गराइने छैन। त्यस्ता योजना तथा कार्यक्रमहरूको भुक्तानी कार्यक्रम प्रस्तावना, लागत अनुमान, कार्यक्रम स्वीकृती, प्रचलित कानुन तथा कार्यविधि बमोजिम आवश्यक बिल, भरपाई र सोलाई पुष्टयाई गर्ने प्रमाणित कागजातका आधारमा मात्र गरिनेछ।

(सुदिप सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

**<u>सादर अवगतार्थ</u>**

श्रद्धेय अध्यक्षज्यू
शिवपुरी गाउँपालिका